लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय

# सामाजिक विकास डिभिजन कार्यालय

तानसेन, पाल्पा

फोन नः ०७५-५९००२०
ईमेल: sddopalpa@gmail.com
Web site: sddopalpa.lumbini.gov.np

प.सं. ०८१।०८२
च.नं. ५९२

मिति:२०८१।१२।२६

विषय: लैङ्गिक हिंसा, घरेलु हिंसा प्रभावितहरुका लागि जिल्लास्तरीय सेवा केन्द्र/अल्पकालिन आश्रय केन्द्रलाई सञ्चालन अनुदानका लागि प्रस्तावना आव्हान गरिएको सूचना ।

यस आ.व.२०८१।८२ को सामाजिक विकास डिभिजन कार्यालय पाल्पाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार लैङ्गिक हिंसा, घरेलु हिंसा प्रभावितहरुका लागि पाल्पा र गुल्मी जिल्लामा जिल्लास्तरीय सेवा केन्द्र/अल्पकालिन आश्रय केन्द्रलाई सञ्चालनको लागि प्रत्येक जिल्लालाई रु. १ लाख पच्चीस हजार अनुदान स्वीकृत भएकोमा Safe House सञ्चालन अनुदानको लागि तपसीलमा उल्लेखित शर्तहरु सहित १५ दिन भित्र सिलबन्दी प्रस्तावना पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसील:

१. आवेदक संस्थाले नियमानुसार दर्ता भई नवीकरण गरी गत वर्षको वार्षिक प्रगति प्रतिवेदन र लेखा परिक्षण प्रतिवेदन पेश गर्नुपर्ने छ ।
२. लुम्बिनी प्रदेशको पाल्पा र गुल्मी जिल्ला भित्र कार्यक्षेत्र भएका Safe House ले सम्बन्धित जिल्लाका कार्यक्रमको मात्र प्रस्ताव पेश गर्न पाइने छ ।
३. प्रस्तावना पेश गर्दा उक्त सेवा केन्द्र जिल्ला स्तरमा संचालनमा रहेको भन्ने व्यहोराको जिल्ला समन्वय समितिको कार्यालयको सिफारीस पत्र समेत पेश गर्नुपर्ने छ ।
४. प्रस्तावना माग गरिएको विषयमा संस्थाको विधानमा उक्त कार्य गर्ने उद्देश्य रहेको र कार्यक्षेत्र मिलेको हुनु पर्ने छ।
५. प्रस्तावना पेश गर्दा सूचना प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र त्यो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्टसम्म यस कार्यालयमा पेश गर्नु पर्ने छ ।
६. प्रस्तावना छनौट तथा प्रस्तावना सम्बन्धी कार्य गर्दा सामाजिक विकास सम्बन्धी कार्यक्रम संचालन मार्गदर्शन तथा मन्त्रालयको संघ संस्थालाई दिइने अनुदान सम्बन्धी स्वीकृत कार्यविधिहरुलाई समेत आधार लिन सकिने छ ।
७. प्रस्तावना छनौट भएका संस्थाहरुले सम्झौता बमोजिम काम गर्नुपर्ने छ ।
८. यसमा उल्लेख हुन छुट भएका कुनै विषयहरु वा वाझिएका कुनै कुराहरु हिंसा प्रभावित महिलाका लागि सेवा केन्द्र संचालन व्यवस्थापन तथा अनुदान वितरण कार्यविधि २०८० तथा यस सामाजिक विकास डिभिजन कार्यालयको निर्णय अनुसार हुनेछ ।
९. प्रस्तावना पेश गर्दा सामाजिक विकास मन्त्रालय लुम्बिनी प्रदेशको हिंसा प्रभावित महिलाका लागि सेवा केन्द्र संचालन व्यवस्थापन तथा अनुदान वितरण कार्यविधि २०८० को दफा १२ मा उल्लेखित विवरणहरु समेत पेश गर्नुपर्ने छ ।

..........................
कार्यालय प्रमुख